## सूचनाः ००६

# सम्पत्ति शुद्धिकरण निवारण निर्देशन बमोजिम गर्ने, गराउने सम्बन्धमा सहकारी संघ/ संस्थाहरुलाई सहकारी विभागको सूचना

सम्पत्ति शुद्धिकरण(मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस विभागबाट २०७४ साल माघ १५ गते सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि सहकारी संघसंस्थालाई निर्देशज जारी गरिएको बेहोरा विदितै छ। उक्त निर्देशन विभागको वेभसाइट www.deoc.gov.np बाट समेत प्राप्त गर्न सकिन्छ। तदनुसार सहकारी संस्था, संघ र बैंकले अविलम्ब देहायका व्यवस्था मिलाउनु हुन सुचित गरिन्छ।

१) ऐनको दफा ७क. वमोजिम तथा निर्देशनको दफा ३, ६, ७, र ९ वमोजिम सदस्यको पहिचान र सम्पुष्टिको विवरण(KYM) अद्यावधिक गर्ने।

२) ऐनको दफा ७घ. तथा विभागबाट जारी निर्देशनको दफा १३ बमोजिम सदस्यहरुको जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्ने व्यवस्था अविलम्ब मिलाउने।

३) निर्देशनको दफा १९ र २० वमोजिम कुनै सदस्यले एकै पटक वा पटक-पटक गरी एक दिनमा गरेको रु १० लाख वा सो भन्दा बढी रकमको सिमा कारोवारको प्रतिवेदन १५ दिनभित्र र शंकास्पद कारोवारको प्रतिवेदन ३ दिनभित्र नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाई (FIU) मा तोकिएको ढाँचामा पठाउने।

४) ऐनको दफा ७त. को उपदफा(१) तथा निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धि आन्तरिक नीति र कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्ने।

५) सञ्चालक समितिले ऐनको दफा ७त. को उपदफा (३) तथा निर्देशनको दफा २४ बमोजिम व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी(कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने वा नियुक्त नभएसम्म प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको कार्य गर्ने गरी जिम्मेवारी तोक्ने र सो को जानकारी विभाग, वित्तिय जानकारी इकाई (FIU) लगायत नियामक निकायमा पठाउने।

६) निर्देशनको दफा २८ वमोजिम वचत तथा ऋणको मुख्य कारोवार नगर्ने संस्था र रु ५ करोड भन्दा कम जायजेथा भएका संस्थाले वार्षिक रुपमा तथा अन्य सबै संस्थाले चौमासीक रुपमा देहाय वमोजिम चौमासीक प्रतिवेदन पठाउनु पर्दछ।

- क) कार्यक्षेत्र अनुसार प्रत्यक्ष नियमनकारी निकाय विभाग, प्रदेश वा स्थानिय तह कुन हो सोहि निकायमा निर्देशनको अनुसूचि -६ को ढाँचामा, तोकिएको अवधि भित्र सम्पादीत कामको प्रतिवेदन पठाउनु पर्दछ।त्यसैगरी राष्ट्रिय सहकारी महासंघ र सहकारी बैंकले विभाग तथा जिल्ला, प्रदेश र केन्द्रीय स्तरका संघहरुले सम्बन्धित नियमनकारी निकाय सहित विभागमा अनुसुची-७ को ढाँचामा तोकिएको अवधिमा प्रतिवेदन दिनुपर्ने छ।
- ख) प्रदेश, जिल्ला वा स्थानिय तह (नियमनकारी निकाय) ले प्राप्त प्रतिवेदन सहकारी संस्थामा सम्पत्ति शुद्धिकरण निवारण कानून पालना सम्बन्धि अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७५ को अनुसुची -३ को ढाँचामा समष्टिगत विवरण सहितको प्रतिवेदन अवधि व्यतित भएको १५ दिन भित्र विभागमा पठाउनु पर्दछ।

७) ऐन, नियमावली र विभागबाट जारी निर्देशनका माथि उल्लेखित लगायतका सबै व्यवस्थाहरु तदारुकताका साथ पालना गर्ने गराउने व्यवस्था मिलाउनु सम्बन्धित संघ, संस्था र नियमनकारी निकायको कानूनी दायित्व हुने छ।अन्यथा कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ।